लैगिंक हिंसा, घरेलु हिंसा, बाल अधिकार, बाल यौन शोषण दुर्व्यवहार र छाउपडी प्रथा विरुद्ध

# सचेतना मुलक
# सडक नाटक : नमेटिने डोवहरु

**जेष्ठ २५, २०७६ आठविस नगरपालिका ४, राकमकर्णाली दैलेख**




## आयोजक
## अर्पण गरिवी निवारण
## काठमान्डौं

## १. पृष्ठभुमी :

नाटक विधा समाज रुपान्तरणमा एक असल विधाका रुपमा प्रयोग भएको हामी ईतिहास बाट थाहा पाउछौं । समाजका नागरिकहरुलाई समाज रुपान्तरणको मुद्धामा महशुषिकरण गराई उनीहरुलाई नै समस्या समधानको लागि पहल लिन सचेतना प्रदान गर्ने कार्य सडक नाटकले गर्दछ । यसरी समाज रुपान्तरणको क्षेत्रमा नाटकले थुप्रै नागरिकहरुलाई सचेतना प्रदान गर्दछ र यसको प्रयोग विश्वमा बढ्दो क्रममा रहेको छ । सडक नाटकले सामाजिक समसामयिक विषय वा मुद्धाहरुमा अभिनयको माध्यामबाट नागरिकहरुलाई सचेतना प्रदान गर्दछ ।

यसै सर्न्दभमा, अर्पण गरिवी निवारण काठमान्डौ, समाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश सुर्खेत र आठविस नगरपालिका, दैलेखको संयुक्त प्रयासमा आठविस नगरपालिका ४, राकमकर्णाली बजारमा घरेलु हिंसा, यौन हिंसा, लैगिंक हिंसा र छाउपडि प्रथा विरुद्धको सचेतनामुलक सडक नाटक : नमेटिने डोवहरु मन्चन भएको छ । सडक नाटक कचहरी नाटकको विधिद्धारा मन्चन गरिएको थियो । यस नाटकमा दर्शकहरुले समेत सहभागीता जनाउने गर्दछन् र नाटक पुर्ण रुपमा सहमती संगै अगाडि बढ्ने गर्दछ ।

## २. उद्धेश्य :

प्रस्तावित क्रियाकलापको प्रमुख उद्धेश्य निम्न अनुसार रहेको छ ।

- समाजमा विद्यमान सामाजिक कुरुती, कुसँस्कारहरु घरेलु हिंसा, यौन हिंसा, लैगिंक हिंसा र छाउपडि प्रथा विरुद्ध समाजका नागरिकहरुलाई सचेतना प्रदान गर्नु ।
- घरेलु हिंसा, यौन हिंसा, लैगिंक हिंसा र छाउपडि प्रथाको असरहरुको बारेमा नागरिकहरुलाई महशुषिकरण गराई यस्ता सामाजिक कुरुती कुसस्कारहरुको न्युनीकरणका लागि जागरुप गराउनु ।
- घरेलु हिंसा, यौन हिंसा, लैगिंक हिंसा र छाउपडि प्रथा विरुद्ध कानुनी उपचारको बारेमा सचेतना प्रदान गर्नु ।

## ३. नमेटीने डोवहरुको आधारभुत सूचनाहरु :

नमेटिने डोवहरु : सडक नाटक आठविस नगरपालिका वडा न. ४, राकमकर्णाली दैलेखको वडा कार्यलय तथा आठविस नगरपालिका, दैलेख संगको सहकार्यमा तपशिलको विवरणमा तालिम आयोजना गरियो ।

तपशिल :

तालिम स्थान : आठविस न.पा. ४, राकमकर्णाली बजार, दैलेख

मिति : २०७६ जेष्ठ २५ गते शनीबार

समय : विहान १:०० देखि २:०० बजे सम्म

**सडक नाटक हेरेका दर्शकहरुको संख्या :**

| क्र.स. | दलित | | जनजाति | | अन्य | | जम्मा | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | २२ | २ | २१ | २ | ४४ | ११ | ८७ | १५ | १०२ |

## ४. सडक नाटकका प्रमुख उपलव्धीहरु :

राकमकर्णाली बजारमा मन्चन गरिएको सडक नाटक : नमेटिने डोवहरुको प्रमुख उपलव्धीहरु तपशिलमा उल्लेख गरिएको छ ।

- सडक नाटक मन्चन गर्नु पुर्व प्रहसन गरेका कलाकारहरुले करिव १५० मानिसहरुको भेला राकमकर्णाली बजारको इलाका प्रहरी कार्यालय नजिक जम्मा गर्न सफल भएका ।
- सिल्पी थिएटर काठमान्डौंबाट १५ दिनको कचहरी नाटकको तालिम प्राप्त बाल क्लवका कलाकारहरुले करिव ४५ मिनेट सामाजिक मुद्धाहरुमा क्यारीकेचर सहित सन्देशमुलक डाईलगहरु र मर्मस्पर्सी अभिनय मार्फत सचेतना प्रदान गरेका ।
- दर्शकहरु नै नाटक मन्चन भैरहेको अवस्थामा नाटकको दृश्यको समधानका लागि जाईलागेका र नाटक पश्चात नकारात्मक पात्रहरुको अभिनयको प्रशंसा गरेका ।
- बाल विवाह विरुद्धको सिनमा बाल विवाहका लागि राजी भएका बालबालिकाहरुलाई दर्शक श्री रमेश भट्टराई ले नाटक मन्चनकै क्रममा यो विवाह रोक्नु प्रर्छ भनी आवाज निकालेर नाटकमै बाल विवाह रोक्न गएका थिए ।
- करिव १५० जना दर्शकहरुले प्रत्येक्ष रुपमा नाटकको पुर्ण मन्चन अवलोकन गर्नु भएको थियो भने १०२ जना दर्शकहरुले नाटक हेरेकोमा हाजिरी गर्नु भएको थियो ।
- सडक नाटकमा देखाइएको छाउपडि प्रथालाई दर्शकहरुले व्यापक रुपमा विरोध गरेका थिए भने, आउने दिनमा आफुहरु छाउपडि प्रथाको विरुद्ध संगठित हुने र यसको व्यवस्थापनको लागि नगरपालिकालाई सचेत गराउने कुरा सडक नाटक मन्चनकै क्रममा सहभागीहरुले व्यक्त गरेका थिए ।
- सडक नाटकको स्कृप्ट यसै प्रतिवेदनको अनुसूची ३ मा उल्लेख गरिएको छ ।

## ५. सिकाईहरु :

१. सडक नाटक मन्चनको लागि पुर्व तयारी र मन्चन हुनु अघिको रिहलसनमा संस्थाका पदाधिकारीहरु समेत बसेर पुर्णता प्रदान गर्ने ।
२. सडक नाटक मन्चन हुने स्थानको छनोट पुर्ववत रुपमा गर्नु पर्ने ।
३. नाटकका पात्रहरुलाई अभिनएको साथै भेषभुषा र मेकपको आवश्यक पर्ने ।
४. सडक नाटकमा माईक प्रयोग गर्दा राम्रो देखिने ।

## ६.

७.

**८. निस्कर्ष :**

सडकनाटकमा दर्शकहरुले किशोरी तथा महिलाहरुलाई रजस्वला वा सुत्केरी भएको समयमा छाउगोठमा राख्नु वा अन्य भेदभाव, छुवाछुत वा अमानविय व्यवहार गर्ने कार्य छाउपडि प्रथा हो यो कार्य कानुनी रुपमा दण्डनीय, छाउपडि राख्नेलाई ३ महिना सम्म कैद वा ३ हजार रुपैया सम्म जरिवाना वा दुवै सजाय हुने, त्यसैमा राष्ट्रसेवकले कसुर गरेमा निजलाई थप ३ महिना सम्म कैद सजाय हुने कुरा जानकारी प्राप्त गरेका । त्यसैगरि बालविवाह, लैगिंक हिंसा, यौन हिंसा, बाल यौन शोषण दुर्व्यवहारको विषमा सडक नाटक : नमेटिने डोवहरु करिव १५० जना दर्शक तथा ती मध्ये १०२ जनाले हाजिर समेत गरेको हरुले सडक नाटक पुर्ण रुपमा अवलोकन गर्नु भयो । आउने दिनमा सिकाईहलाई आत्मसाथ गरि अगाडि बढ्दा राम्रो हुने ।

धन्यबाद ।

**नाटक टिम**

**कलाकारहरु :**

**अनुसूची १ : फोटो झलकहरु**

| | |
|---|---|
|  |  |
| सडकनाटकका कलाकारहरु संग अपर्ण गरिवी निवारण काठमान्डौको अध्यक्ष श्री अर्पणा खड्का | नाटक मन्चनका क्रममा बाल विवाह गर्न नदिने दर्शक रमेश वि.क., आठविस नगरपालिका ३, दैलेख |
|  |  |
| विवाह गरेर भागेकी छोरीको आमा दुखी हुदै गरेको अभिनय । | सडक नाटक हेर्ने दर्शहरुलाई आकर्षित गदै कलाकारहरु नाच प्रस्तुत गर्दै |

*अनुसुची २ व्यानर*

lx;+f/lxt ;dtfdhs ;dfhsf] lgdf0f u/L

**महिला हिंसा, छाउपडी प्रथा र बालविवाह विरुद्धको**

**सचेतनामुलक सडक नाटक**

# gd]6g] 8f]ax?

c f7lj; gu/kflnsf $, /fsds0ff{nL, b}n]v

@)&^ h]7 @%

**आयोजक :** **समन्वय :** **सहयोग :**

अर्पण गरिबी निवारण APA

आठविस नगरपालिका, दैलेख, कर्णाली प्रदेश नेपाल

सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश नेपाल